रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

प्रदेश नं. २, नेपाल

प.सं. : २०७७।०७८

च.नं. :

मिति : २०७७।१०।१०

## विचार लेखन प्रतियोगिता सम्वन्धी सूचना ।

चालु आ.व. ०७७।०७८ मा नेपाल सरकारबाट यस नगरपालिकालाई प्राप्त सशर्त अनुदान तर्फ युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि राष्ट्रिय युवा परिषद सानो ठिमी भक्तपुरको च.नं. २०२ मिति २०७७।०६।११ गतेको पत्र बमोजिम यस वर्ष **समृद्ध राष्ट्रका लागि युवा विचार लेखन प्रतियोगिता** कार्क्रम जिल्ला स्तरमा संचालन गरिने भएकोले प्रतियोगितामा सहभागी हुन चाहने महोत्तरी जिल्लाका सवै स्थानीय तहका युवाहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०७७।१०।३०सम्म) यस कार्यालयमा तोकिएको ढाँचामा निवेदन दर्ता गर्न हुन यो सूचना आव्हान गरिएको छ ।

| नगद पुरस्कार | | |
|---|---|---|
| प्रथम | द्वितीय | तृतीय |
| ७०००।०० | ५०००।०० | ४०००।०० |

शर्तहरु तथा प्रतियोगिता संचालन प्रक्रिया

१. निवेदन यसै सूचना साथ संलग्न छ ।

१. सहभागीको उमेर १६ पुगी २४ वर्ष ननाघेकोतथा महोत्तरी जिल्लाबासी हुनु पर्नेछ ।

२. निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा उमेर,ठेगाना खुल्ने कागजात पेश गर्नु पर्नेछ ।

३. निवेदन दर्ता इमेल मार्फत पनि गर्न सकिनेछ ।

४.जिल्ला स्तरमा प्रथम,द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीहरुलाई माथि उल्लेखित नगद पुरस्कार र प्रमाण पत्र उपलब्ध गराईनेछ । नगद पुरस्कारमा २५ प्रतिशत कर कट्टी हुनेछ ।

५ प्रतियोगिता युवा परिषदद्वारा जारी युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०७७ बमोजिम संचालन हुनेछ ।

६. जिल्ला स्तरमा प्रथम स्थान प्राप्त गर्ने प्रतियोगीलाई प्रदेश स्तरमा हुनेकार्यक्रममा सहभागी हुन पठाईने छ ।

७ प्रतियोगिता संचालनको मिति, समय र स्थान निम्न अनुसार हुनेछ ।

मिति -२०७७।११।०१
समय -विहान १०.३० वजे
स्थान -मा.वि. रामगोपालपुर

धीरेन्द्रलाल कर्ण
प्रमुख प्रशासकीय अधिकृत